सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## व्यवसाय कर र घरवहालकर बुझाउने सम्बन्धी सूचना !

**सूचना नं.०२/०७९/८० सूचना प्रकाशित मिति: २०७९/०४/१०**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-९ को गाउँपालिका तथा नगरपालिकाको वित्तिय अधिकार क्षेत्र अन्तर्गत दफा ५७ मा गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउनेछ भन्ने व्यवस्था रहेको त्यसैगरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउनेछ भन्ने व्यवस्था रहे अनुसार यस सुनिलस्मृति गाउँपालिकाले आ.व.२०७७/७८ देखि नै गाउँपालिका क्षेत्र भित्र रहेका व्यापार, व्यवसायको विवरण संकलन गरी कर निर्धारण गरी कर संकलन गरिरहेकोमा कतियप व्यवसायिक फर्महरुले हाल सम्म पनि कर नतिरेको हुदाँ अबिलम्ब कर तिर्न सूचित गरिन्छ। साथै गाउँपालिकाको आर्थिक ऐन, २०७९ ले गत आ.व को कर चालु आ.व शुरु भएको ९० दिन भित्र नबुझाएमा त्यस्तो करमा प्रत्येक महिना थप २.५ प्रतिशतका दरले जरीवाना लगाई असुल गर्ने व्यवस्था समेत गरेको हुदाँ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत